**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung **ISSN: 2392-4438**
DOI: **https://doi.org/10.3126/ps.v21i1.59648**

# सिरुबारीको अर्थोपार्जनका आधारहरू र युवा सहभागिता

सहप्रा. सुदर्शन सिलवाल, विद्यावारिधि
अर्थशास्त्र विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: s.silwal11@yahoo.com

**लेखसार**

प्रस्तुत आलेखलाई स्याङ्जा जिल्लाको पर्यटकीय गाउँ सिरुबारीको अर्थोपार्जनका मूल आधारहरू र यसमा युवा सहभागिताको अवस्था केलाउनुमा केन्द्रित गरिएको छ । उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा तयार गरिएको यस आलेखमा प्राथमिक तथा द्वितीयक प्रकृतिका सामग्रीहरू प्रयोग गरिएको छ । सूचनाहरू सङ्कलन गर्ने क्रममा सिरुबारीका होमस्टे सञ्चालकहरू र सिरुबारी पर्यटन विकास समितिका पदाधिकारी एवम् सदस्यहरूसँग यहाँका अर्थोपार्जनका आधार र यसमा युवा सहभागिताको अवस्थाका बारेमा औपचारिक तथा अनौपचारिक रूपमा छलफल गरी त्यसबाट प्राप्त हुन आएका सूचना एवम् जानकारीहरूलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको माध्यमबाट समीक्षा गरी यो आलेख तयार गरिएको हो । स्थानीय संस्कृति झल्किने गरी पर्यटकहरूलाई गरिने सेवा तथा सत्कार, मौलिक प्रकृतिको घरबास व्यवसाय, घरको बनावट र सरसफाइ, समूह परिचालनको विधि, आर्थिक पारदर्शिता, क्षमताअनुसार पाहुना तथा श्रमविभाजन, एकै प्रकृतिको खानाका परिकारहरू, आयको संस्थागत अभिलेखीकरण र सार्वजनिकीकरण, अतिरिक्त आय (टिप्स) को सामूहीकरण, अर्गानिक /प्राङ्गारिक खाद्यवस्तुको उत्पादन, आत्मसन्तुष्टि र फरक पहिचान, गुरुङ संस्कृति, परम्परित पेसा व्यवसाय र सामाजिक सेवा नै यहाँको अर्थोपार्जनका मूल आधारहरू भएको अध्ययनबाट देखिन्छ । साथै कुल घरधुरीको ४८ प्रतिशत घरपरिवार, कुल जनसंख्याको ३६.३२ प्रतिशत जनसंख्या र व्यवसायमा संलग्न भएका मध्येमा पनि ४४.४४ प्रतिशत युवा मात्रै यस होमस्टे व्यवसायमा सम्लग्न हुनुले युवा वर्गलाई यसमा आकर्षित गर्न नसकिएको तथ्यलाई यस आलेखले उजागर गरेको छ ।

*शब्दकुञ्जी :* अर्थोपार्जनका आधारहरू, होमस्टे, पर्यटन, युवा सहभागिता, लोकसाहित्य र संस्कृति, सिरुबारी

## परिचय

सिरुबारी स्याङ्जा जिल्लाको एउटा नमुना गाउँ हो । यसलाई नेपालको पहिलो होमस्टे भएको गाउँ भनिन्छ । यस गाउँले नेपालमा ग्रामीण पर्यटनको पहिलो पाठशालाको पहिचान बनाएको छ । नेपालमा मात्र होइन यो गाउँ विश्वभर नै उदाहरणीय बन्न सफल भएको छ । यसले सिरुबारीमा अर्थोपार्जनको बलियो र दीगो आधार खडा गरेको छ । कौटिल्यको अर्थशास्त्रअनुसार मानिसहरूको जीविकालाई अर्थ भनिएको छ र अर्थोपार्जनका आधारहरूमा कृषि, पशुपालन, वाणिज्य, खानी र निजी तथा सरकारी व्यापारलाई मानिएको छ (अर्याल, २०२४) । यसैगरी मार्शलका अनुसार अर्थ भनेको भौतिक कल्याणको साधन हो (मार्शल, सन् १८९०) । यिनै साधनहरूको उपयुक्त व्यवस्थापन नै अर्थोपार्जनको बलियो आधार हो । यो मूलतः युवाको सहभागिता र परिचालनमा निर्भर गर्दछ ।

नेपालको प्रमुख पर्यटकीय गाउँको रूपमा सिरुबारी परिचित छ । यो गाउँ स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका वडा नं. एकअन्तर्गत पर्दछ । यसको पूर्वमा माझकटेरी, पश्चिममा डहरे, दक्षिणमा अर्जुन चौपारी गाउँपालिका र उत्तरमा आँधिखोला गाउँ पर्दछन् । स्थानीय बासीको भनाइअनुसार यो गाउँ सुरुमा मानववस्तीरहित सिरुघाँसको मैदान वा चौर थियो । सिरु उम्रने भएकाले यो गाउँको नाम सिरुबारी रहन गएको हो । आफ्ना पूर्खाहरूले सिरुघारि फाडेर बस्नयोग्य बारी बनाएकाले यसको नाम सिरुबारी रहेको हो भन्ने स्थानीय बासीको भनाइ रहेको छ । यस गाउँमा चारथरे गुरुङ जातिका ४४ घर परिवार बसोबार गर्दछन् । यो गाउँ दक्षिण एसियामा नै प्रथम होमस्टेको अवधारणा विकास भएको गाउँ हो । यो अवधारणाको विकासकर्ता क्याप्टेन रुद्रमान गुरुङ हुन् । यस प्रकारको अवधारणाले न्यून आय भएका वर्गहरूलाई आयआर्जनको अवसर प्रदान गरेको छ । यसको अभ्यास हाल मलेसिया, थाइल्याण्ड, भिएतनाम, लावस, भारतलगायतका देशहरूमा पनि भएको पाइन्छ (गण्डकी प्रदेश, २०१९) । अहिले यही अवधारणाको विकास नै सिरुबारीको अर्थोपार्जनको दीगो आधार बन्दै गएको देखिन्छ ।

कुनै पनि क्षेत्र वा स्थानको विकासका लागि भरपर्दो आर्थिक स्रोत पहिचान गर्नु जरुरी हुन्छ । अर्थोपार्जनका धेरै क्षेत्रहरू हुन्छन् । यसमध्ये स्थान र भूगोल विषेशमा आधारित स्रोत नै बढी भरपर्दो हुन सक्दछ । आयातित नभएर स्थानीय विशेषतामा आधारित स्रोतको पहिचान र प्रयोगले निश्चय पनि विकासलाई दीगो बनाउन सक्दछ । यस प्रकारको कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, पर्यटन बोर्ड, पर्यटन विकास समिति, नागरिक समाज, विभिन्न संघसंस्थाहरू, क्लवहरू, आमा समूह, टोल विकास संस्था, उद्योगी, व्यापारीहरू, बुद्धिजीवीहरू, युवा वर्गहरूलगायत सबैको अहम भूमिका रहन्छ ।

सिरुबारीको अर्थोपार्जनको मूल आधार ग्रामीण पर्यटन हो । यसबाहेक पर्यटनका अरू विधाहरू पनि रहेका छन् । तिनीहरूमा पदयात्रा पर्यटन, जलयात्रा पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, शैक्षिक पर्यटन, कृषि पर्यटन आदि पर्दछन् (सिलवाल, २०७४ र खत्री, २०७६) । गाउँगाउँमा पर्यटकीय सुविधा पुऱ्याउने र गाउँ क्षेत्रकै वस्तुस्थिति तथा हावापानीअनुकूल हुने गरी गाउँको विकासलाई जोड्ने ग्रामीण पर्यटन नै हो (पाण्डे, २००८) । यसका साथै वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नका लागि पर्यावरणीय पर्यटन (प्रधान र ग्रान्डोल, २००८), सिमसार क्षेत्रको विकास तथा संरक्षण गर्न

**Article information**
**Received**: 4 September 2023
**Accepted:** 25 September 2023
**Published:** 9 October 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

सिमसार पर्यटन (भण्डारी, २००८), कृषि प्रणालीका बारेमा अध्ययन गरी यसमा विविधीकरण तथा विकास गर्न कृषि पर्यटन (डङ्गोल, २००८) आदि रहेका छन् । ग्रामीण भेग स्वच्छ, सफा र हरियाली हुने भएकाले मानिसहरू यस्ता ग्रामीण क्षेत्रहरूमा आउन रुचाउने गर्दछन् । यसप्रकारको पर्यटनलाई स्वास्थ्य पर्यटन पनि भनिन्छ (शाक्य, २००८) । यस प्रकारका पर्यटनसँग अर्थोपार्जनका धेरै पक्ष जस्तैः प्रकृति, संस्कृति, अर्गानिक उत्पादन, उद्यम व्यवसायलगायतका जोडिएका हुन्छन् । यसले स्थानीयस्तरमा स्वरोजगारीको सिर्जना, वैदेशिक मुद्राको आर्जन र स्वदेशी तथा विदेशी लगानीको ढोका खोली दिन्छ । यस आलेखमा तपसिलबमोजिमका अनुसन्धान प्रश्नहरू समावेश गरिएको छ :

- सिरुबारीका अर्थोपार्जनका आधारहरू केके हुन् ?
- सिरुबारीको अर्थोपार्जनमा युवा सहभागिताको अवस्था केकस्तो रहेको छ ?
- सिरुबारीमा अर्थोपार्जनका केकस्ता अवसर र चुनौतीहरू रहेका छन् ?

प्रस्तुत आलेखलाई सिरुबारीका अर्थोपार्जनका आधार पहिचान गर्न, होमस्टेमा युवा सहभागिताको अवस्था विश्लेषण गर्न र अर्थोपार्जनका अवसर तथा चुनौती उजागर गर्नमा केन्द्रित गरिएको छ ।

## अनुसन्धान विधि र प्रक्रिया

त्रिभुवन विश्वविद्यालय धवलागिरि बहुमुखी क्याम्पस अनुसन्धान व्यवस्थापन समितिको आयोजनामा २०८० साल वैशाख ८ देखि १० गतेसम्म स्याङ्जा जिल्लाको सिरुबारीमा अवस्थित होमस्टेको अवलोकन भ्रमण गर्ने सन्दर्भमा यो आलेख तयार गरिएको हो । उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा तयार गरिएको यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुबै स्रोतका अध्ययन सामग्रीहरू उपयोगमा ल्याइएको छ । स्थलगत अवलोकन, छलफल र अन्तरवार्ताका माध्ययमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीहरू समितिले प्रकासित गरेका स्मारिका, ब्रोसर, बुलेटिनलगायतबाट प्राप्त गरिएको छ ।

प्रस्तुत आलेख तयार गर्न सिरुबारीको पारिवारिक जनसंख्या विवरण, होमस्टेको अवस्था र विद्यमान प्रकृति, आम्दानीको स्रोत, स्थानीय रूपमा वस्तुको उत्पादनको अवस्था, समुदाय परिचानलको विधि, व्यवसायप्रति युवावर्गको आकर्षण र संलग्नता आदि विषयहरू समावेश भएको प्रश्नावली तयार गरियो । साथै पर्यटकको आगमनको अवस्था, पर्यटकले पाउने सुविधा, अर्थोपार्जनका नयाँ नयाँ सम्भावित अवसरहरू, भाषा र लोकसाहित्यको अवस्था, पर्यटन व्यवसायमा पारिवारिक संलग्नता, पर्यटन व्यवसाय सञ्चालन विधि, व्यवसाय प्रवर्द्धनको भावी योजना, व्यवसायका मूलभूत चुनौतीहरू लगायतका पक्षहरू समावेश गरी तयार गरिएको प्रश्नावली र समितिमा रहेका अभिलेखहरू उतार गरी यो लेख तयार गरिएको हो ।

अध्ययनका लागि छनोट गरिएका सहभागीहरू मूलतः २५ देखि ७० वर्षसम्मका रहेका थिए । सिरुबारीका कुल ४४ घरधुरीका होमस्टे सञ्चालन गरेका कुल २१ सञ्चालकमध्ये ३३ प्रतिशत होमस्टे सञ्चालकहरूलाई प्रश्नावलीका लागि उत्तरदाताका रूपमा छनोट गरेर अध्ययन कार्य अगाडि बढाइएको थियो । यसमा होमस्टे सञ्चालक महिला र पुरुष बराबर संख्यामा रहेका थिए । उत्तरदाताको रूपमा सिरुबारी पर्यटन विकास समितिका अध्यक्ष जितेन्द्र गुरुङ र सचिव सुमिता गुरुङलाई पनि उद्देश्यमूलक नमुना विधिका आधारमा चयन गरिएको थियो । यसरी अध्ययनका क्रममा प्राप्त हुन आएका सूचना एवम् जानकारीहरूलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको माध्यमबाट समीक्षा गरी यो आलेख तयार गरिएको हो ।

## अर्थोपार्जनका आधारहरू

स्थानीय तथा वैदेशिक रोजगारी, पर्यटन र होमस्टे व्यवसाय, पञ्चेबाजा, डम्फू, मादल, खैजडी, मुजुरा, घाघर, लोकगीत र लोकभजन, घाटु, सोरठी, झाम्रे (यानीमाया, सालैजो, चुड्का), फुलमाला, टीका, गीत भजन, स्थानीय खाजा र चियालगायतका माध्ययमबाट पर्यटकलाई गरिने स्वागत र दिइने सेवा, सत्कार र मनोरञ्जन, मौलिक प्रकृतिका पर्यटकीय आकषर्णका कार्यहरू अर्थोपार्जनका मुख्य स्रोतअन्तर्गत पर्दछन् । साथै यहाँका सिलाइबुनाइ कुटानीपिसानी मिल, सिकर्मी, डकर्मीलगायतका घरेलु उद्यमहरू र मकै, गहुँ, फापर, आलु, लसुन, प्याज, भाँगो, जौ, कोदो आदि खाद्यान्न तथा घरेलु मदिरालगायतका स्थानीय प्राङ्गारिक खाद्य उत्पादनहरू हुन् । यसरी नै वैदेशिक रोजगारी छाडेर आमाबुबाको सम्मान र आफ्नो छुट्टै पहिचान बनाउने कार्यमा उत्साहित भएका युवाहरूको आत्मसन्तुष्टि र फरक पहिचान, गुरुङ संस्कृति, परम्परित पेसा व्यवसाय तथा सामाजिक सेवालगायतका पक्षहरू नै एसियाको नमुना गाउँको उपमा पाएको सिरुबारीको अर्थोपार्जनका आधारहरू हुन् । अर्थोपार्जनका आधारहरू निम्नानुसार रहेका छन् :

### स्थानीय तथा वैदेशिक रोजगारी

सिरुबारी गाउँका युवा, बयस्क तथा पाका उमेर समूहका व्यक्तिहरूलाई स्थानीय रूपमा नै रोजगारी सिर्जना गर्न पर्यटन व्यवसायले अहम भूमिका निर्वाह गरेको छ । विदेशी भूमिमा समेत आफ्नो गाउँको प्रचारप्रसार भएको देखेर विदेसिएका युवाहरू आफ्नै गाउँमा फर्किने क्रम बढेको छ । नव युवा क्लव, आमा समूह र सिरुबारी पर्यटन विकास समितिमार्फत स्थानीय युवा, युवती, बाबाहरू, आमाहरू सबैले केही न केही रोजगारी प्राप्त गरेको देखिन्छ । पञ्चेबाजा समूह र अन्य सांस्कृतिक समूहमार्फत स्वदेशी एवम् विदेशी पाहुनालाई स्वागत तथा बिदाइ गर्ने आफ्नै मौलिक विधि र प्रचलन यो गाउँको अर्थोपार्जनको बलियो आधार बनेको देखिन्छ । पछिल्ला दिनहरूमा विदेशमा गएर आएका युवाहरूलाई गाउँमै बसी गाउँको सेवा गर्न प्रोत्साहित गरिएको छ । सिरुबारी पर्यटन विकास समितिका अध्यक्ष जितेन्द्र गुरुङ यसको उदाहरणीय पात्र बनेका छन् । उनले बेलायतको आइडीलाई समेत वास्ता नगरी आफ्नै गाउँ फर्की यहाँको अर्थोपार्जनको आधारलाई थप बलियो बनाउन अग्रसर भएका छन् । आफ्नो गाउँमा अप्रत्यक्ष रूपमा प्रायः अधिकांशले रोजगारी प्राप्त गरे तापनि प्रत्यक्ष रूपमा तीन जना स्थानीय युवाले पूर्ण रोजगारी प्राप्त गरेको कुरा अध्ययन क्षेत्र भ्रमणको क्रममा स्थानीयहरूले बताएका छन् । हाल आएर यहाँका युवाहरू रोजगारीका लागि बाहिर जाने मनस्थिति नबनाएको समेत अध्ययनका क्रममा पाइएको छ । यसैगरी सिरुबारी गाउँको अर्थोपार्जनको आधार वैदेशिक रोजगारी पनि हो । यहाँका २९ जना युवायुवतीहरू मूलतः बेलायत, हङकङ, अस्ट्रेलियालगायतका देशहरूमा रोजगारीका लागि गएको देखिन्छ (स्थलगत अवलोकन, २०८०) । अधिकांश युवाहरू अध्ययन तथा रोजगारीका लागि बाहिर जाने गरेका छन् । सुरुमा अध्ययनका लागि पोखरा,

काठमाडौँलगायतका स्थानहरूमा जाने गरेको र पछि रोजगारीका लागि बाहिरिने गरेको देखिन्छ ।

## पर्यटन र होमस्टे

पछिल्ला दिनहरूमा पर्यटन र होमस्टेको विकासलाई अर्थोपार्जनको बलियो आधार मानिदै आएको छ । यसै कारणले गर्दा होला विश्वमा घुमघाम गर्ने संस्कृतिको विकास पछिल्ला दिनहरूमा तीव्र रूपमा भएको पाइन्छ । नेपालमा यसको विकास २००७ सालको प्रजातन्त्रको उदय भएपश्चात् भएको देखिन्छ । पर्यटकीय गन्तव्यको रूपमा नेपाललाई चिनाउने नेपालको हिमालले नै गरेको थियो । मौरिस हर्जोकले सन् १९५० मा अन्नपूर्ण हिमाल, तेन्जिङनोर्गे शेर्पा र एडमन्ड हिलारीले सन् १९५३ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेपश्चात् मात्रै विश्वले नेपाललाई औपचारिक रूपमा पर्यटकीय गन्तव्यको रूपमा सूचीकृत गर्न पुगेको देखिन्छ (ढकाल, २०७९) । यसै क्रममा नेपालमा होमस्टेको स्थापना वि. सं. २०५४ देखि स्याङ्जाको सिरुबारीबाट भएको पाइन्छ । होमस्टेको जननी स्थल र पहिलो पाठशाला यही सिरुबारीलाई नै मानिएको छ ।

मानिस एउटा विवेकशील प्राणी भएको हुनाले ऊ विश्वका विविध प्राकृतिक, भौगोलिक, ऐतिहासिक तथा सांस्कृतिक आदि पक्षको अध्ययन अवलोकन गर्न चाहन्छ । यस अर्थमा आफ्नो वासस्थान छाडेर विभिन्न स्थानमा विविध उद्देश्य बोकेर घुमफिर गर्न जाने कार्यलाई पर्यटन भनिन्छ । पर्यटन पनि विभिन्न प्रकारको हुने गर्दछ, जस्तैः आन्तरिक र बाह्य पर्यटन वा ग्रामीण र सहरी पर्यटन (सिलवाल, पौडेल र न्यौपाने, २०७०) । नेपालको प्रमुख विशेषता भनेकै यहाँको प्रकृति (Nature), संस्कृति (Culture) र साहसिक गतिविधि (Adventure) हो भने सिरुबारीको विशेषता भनेको गुरुङ संस्कृति, सेवाभाव, सेवा सत्कार र पाहुनालाई गरिने मौलिक प्रकृतिको स्वागत नै हो । यसैबाट प्रभावित भएर देश विदेशका मानिसरू यस स्थानमा घुमफिर गर्न र मनोरञ्जन लिन आउने गर्दछन् । बाह्रै महिना यो व्यवसाय सञ्चालन हुने गर्दछ । यस गाउँमा दैनिक कम्तीमा २० देखि २५ जना र बढीमा १८० जनासम्म स्वदेशी तथा विदेशी पाहुना आउने गरेको व्यवसायी जितेन्द्र गुरुङले बताएका छन् । यसैगरी बास नबस्ने गरी पनि पाहुनाहरू अर्गानिक खानाको लागि पनि आउने गरेको अध्ययनबाट देखिन्छ । यसरी आउने पर्यटकहरूबाट मासिक रूपमा एक लाख पचास हजारदेखि दुई लाखसम्म कमाउने गरेको होटल सञ्चालकहरूले बताएका छन् । यस अर्थमा सिरुबारीको पर्यटन र होमस्टे अर्थोपार्जनको दीगो र भरपर्दो आधार मानिएको छ । प्रत्येक पर्यटकबाट हुने प्रतिदिनको आय र यसको विभाजनको अवस्थालाई तपसिलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका १ :** *प्रत्येक पर्यटकबाट प्याकेज स्वरूप प्राप्त हुने आय (रु.मा) र यसको विभाजन*

| क्र.स. | विवरण | आय | आय विभाजन | कैफियत |
|---|---|---|---|---|
| १. | प्रति पर्यटक आय | १,४०० | - | |
| २. | पञ्चेबाजा | - | १०० | २८.५७ प्रतिशत |
| ३. | नवयुवा क्लब | - | १०० | |
| ४. | पर्यटन विकास समिति | - | १०० | |
| ५. | बुद्ध आमा समूह | - | १०० | |
| ६. | होमस्टे सञ्चालकको आय | - | १,००० | ७१.४३ प्रतिशत |

स्रोत : स्थलगत अवलोकन, २०८० ।

माथिको तालिकाले सिरुबारीमा प्रति पर्यटकले प्रतिदिन गर्ने खर्चलाई देखाएको छ । पर्यटकले गर्ने कुल खर्चमध्ये त्यसको ७१.४३ प्रतिशत रकम होमस्टे सञ्चालकहरूले प्राप्त गर्ने र बाँकी २८.५७ प्रतिशत रकम अन्य समूहमा जाने गर्दछ । यसले व्यवसाय व्यवस्थापनको उत्कृष्ट विधि प्रर्दशन गर्दछ । यसबाट अर्थोपार्जनको आधार कसिलो बन्न सक्ने देखिन्छ ।

## सेवा सत्कार र मनोरञ्जनसहितको स्वागत

सेवा सत्कार र मनोरन्जनसहितको पर्यटकलाई गरिने स्वागत पनि सिरुबारीको अर्थोपार्जनको अर्को मूल आधार हो । यस गाउँमा स्वदेश तथा विदेशबाट आउने पर्यटकलाई गरिने स्वागत सत्कार आफ्नै मौलिक प्रकृतिको रहेको छ । यहाँ आउने पर्यटकहरूलाई पञ्चेबाजा, फूलमाल, टीका, गीत र भजनबाट स्वागत गर्ने र गुम्बा प्राङ्गणसम्म लैजाने परम्परा रहेको देखिन्छ । पाहुनालाई गुम्बा प्राङ्गणसम्म लगी स्थानीय मौलिक उत्पादनको खाजा र चिया खुवाउने गर्दछन् । आआफ्नो क्षमता तथा होमस्टेमा बेडको अवस्थाअनुसार आएका पाहुनाहरू विभाजन गर्ने र प्राप्त हुन आएको आम्दानीलाई सामूहीकरण गर्ने नवीनतम् परम्पराले यहाँ आउने पर्यटकहरूलाई आकर्षित गर्ने गर्दछ । बेलुकाको खाना खाएपछि पुनः गुम्बा प्राङ्गणमा भेला भई सिरुबारीको बारेमा पाहुनाहरूलाई जानकारी दिलाउने र स्थानीय संस्कृति झल्किने गरी नाचगान गर्ने गराउने अनौठो तरिका यहाँ रहेको अध्ययनबाट देखिन्छ । दलित समुदायका पुरुषले पञ्चेबाजा बजाउने, दलित महिला समूहले गीत गाउने, गुरुङ र ब्राह्मण समूदायका वर्गहरू नाच्ने तथा गाउने गरी आएका पाहुनाहरूलाई मनोरञ्जन दिलाउने गरेको पाइन्छ (अनुसन्धान तथा स्थलगत अवलोकन भ्रमण कार्यक्रम, २०८० वैशाख ८–१०) । यसरी मनोरञ्जन दिएवापत पाहुनाहरूले स्वतःस्फूर्त रूपमा खुसीराजीले पैसा दिने गरेको अध्ययनबाट देखिन्छ । यस प्रकारका मौलिक कार्यहरू सिरुबारीका अर्थोपार्जनका आधारहरू देखिएका छन् ।

## पर्यटकीय आकषर्णका कार्यहरू

सिरुबारीमा विद्यमान पर्यटकीय आकर्षणका कार्यहरू अर्थोपार्जनका आधारहरू हुन् । यसअन्तर्गत घरको बनावट, सरसफाइ, मठमन्दिर, गुम्बा, समूह, क्लब, समूह परिचालनको विधि, सामूहिक सेवाभाव, सबै एक र एक सबैको भन्ने भावना, आर्थिक पारदर्शिता, पाहुनाहरूलाई एकै प्रकृतिको सेवासुविधा, आआफ्नो क्षमताअनुसार गरिने पाहुना विभाजनको उचित तरिका, श्रमविभाजनको प्रभावकारी विधि, एकै प्रकृतिका खानाका परिकारहरू, आयको संस्थागत अभिलेखीकरण र सार्वजनिकीकरण, अतिरिक्त आय (टिप्स) को सामूहीकरण आदि पर्दछन् (स्थलगत अवलोकन, २०८०) । यसप्रकारका कार्यहरूले पर्यटकहरूलाई लोभ्याउने गरेको छ ।

## घरेलु उद्यम व्यवसाय

सिलाइबुनाइ कुटानीपिसानी मिल, सिकर्मी र डकर्मीलगायतका उद्यम व्यवसायहरू सिरुबारी गाउँका अर्थोपार्जनका अन्य आधारहरू हुन् । नमूना गाउँलाई हेर्न आउने जो कोही पाहुनाहरूलाई आकर्षित गर्न तथा बसाइलाई आरामदायी र मौलिक बनाउने गरी पूर्वाधार निर्माण गर्न गाउँलेहरू अग्रसर भएका देखिन्छन् । घर तथा बाटोघाटो निर्माण, खाद्यवस्तुको उत्पादन, मठमन्दिर तथा गुम्बा निर्माण, सरसफाइलगायतका कार्यहरूलाई मौलिक प्रकृतिको बनाउनुपर्ने हुन्छ । प्रकृति र संस्कृतिलाई मौलिक तरिकाबाट व्यवस्थित बनाउन खोज्दा

स्वाभाविक रूपमा यसले उद्यम व्यवसायको रूप लिन्छ । यसलाई थप व्यवस्थित बनाउन खोज्दा अर्थोपार्जनको बलियो आधार बन्न पुग्दछ ।

### स्थानीय अर्गानिक/प्राङ्गारिक खाद्यवस्तु उत्पादन

सिरुबारीमा मकै, गहुँ, फापर, आलु, लसुन, प्याज, भाँगो, जौ, कोदोलगायतका खाद्यान्नहरू उत्पादन हुने गर्दछन् । यस प्रकारका अर्गानिक उत्पादनबाट यस गाउँलाई आत्मनिर्भर गराउन सकिने पर्याप्त सम्भावनाहरू यहाँ रहेको अध्ययनबाट देखिएको छ । यसबाहेक स्थानीय कच्चा पदार्थमा आधारित घरेलु मदिरा पनि यहाँ उत्पादन हुने गरेको अध्ययनका क्रममा व्यवसायीहरूले बताएका छन् । एकातिर यी वस्तुमा आत्मनिर्भर बन्दा बाहिरिने रकम वचत हुन पुग्दछ भने अर्कातिर अर्गानिक वस्तुको स्वाद लिन स्वदेशी तथा विदेशी पाहुनाहरू आउँदा आयआर्जन स्वतः बढ्न पुग्दछ । अतः स्थानीय अर्गानिक उत्पादन पनि सिरुबारीको अर्थोपार्जनको बलियो आधार देखिएको छ ।

### आत्मसन्तुष्टि र पहिचान

सिरुबारीमा बसोबास गर्ने जातजातिहरू आफनो पहिचान बनाउन सफल देखिएका छन् । पछिल्ला दिनहरूमा यूकेको आइडी र आफ्नो आकर्षक वैदेसिक रोजगारी समेत छोडेर आफ्ना आमाबुबाको हेरचार एवम् सम्मान र आफ्नो गाउँको छुट्टै पहिचान बनाउने कार्यमा यहाँका युवाहरू उत्साहित भएको अध्ययनबाट देखिन्छ । यसको उदाहरणीय पात्र सिरुबारी पर्यटन विकास समितिका अध्यक्ष जितेन्द्र गुरुङ बनेका छन् । यस प्रकारको कार्यले क्याप्टेन स्व. रुद्रमान गुरुङले थालनी गरेको कार्यलाई निरन्तरता दिन र यस कार्यप्रति युवावर्गलाई आकर्षित गर्न थप टेवा पुग्ने देखिएको छ । यसले सिरुबारीको अर्थोपार्जनको आधारलाई मलजल गर्न र दीगो आधार खडा गर्न सक्दछ ।

### गुरुङ संस्कृति

सिरुबारीमा विद्यमान गुरुङ जातिको संस्कृति आफैमा अर्थोपार्जनका लागि नमूना बनेको छ । जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, पूजाआजा, प्रमुख चाडपर्वहरू, प्रमुख देवीदेवताहरू, भाषा, भेषभूषा, धर्म, लाहुरे प्रकृतिको संस्कृतिलगायतका पक्षहरू उनीहरूका मौलिक सम्पतिहरू हुन् । यी संस्कार र संस्कृतिहरूको पालना र संरक्षणमा हिन्दु र बौद्ध धर्मको समिश्रण देखिन्छ । यहाँका बासिन्दाहरूमा जातीय रूपमा एकता, धार्मिक सहिष्णुता, भावनात्मक रूपमा एकता र पवित्रता रहेको पाइन्छ । वैशाख पूर्णिमा, नागपञ्चमी, तीज, ठूली एकादशी, बालाचर्तुदशी, पौष १५ गतेको नयाँ वर्ष ल्होसार, माघेसंक्रान्ति, फागु पूर्णिमा, खेती लगाउनुभन्दा पूर्व उँभौली, खेती लगाएर थन्काएपछिको उधौली, दसहरालगायतका चाडपर्वहरू रहेका छन् । यसैगरी दसैंको फूलपातीका दिन गरिने कुल पूजा, गाउँमा दूषित हावा नहोस्, रोगव्याधि नलागोस्, पिशाचले दुःख नदेओस्, मौसमअनुकूल होस्, खेतीपाती राम्रो होस् भनेर गाउँको माथि डाँडाको सेल्दु स्थानमा गरिने सेल्दु पूजा; दलित र गुरुङ जाति मिलेर जेठ महिनामा गरिने माईपूजा, गाउँमाथिको झाँक्रीस्थानमा गुरुङ जातिले मात्र गर्ने झाँक्री पूजा, सिरुबारीमाथिको डाँडामा स्याङ्जा र पर्वतको दोसाँधमा रहेको डहरे देउराली पूजालगायतका पक्षहरू सिरुबारी गाउँका प्रमुख देवीदेवताहरू हुन् (धबक्या, सशामाशावि, २०७६) ।

गुरुङ भाषा प्रायः लोपोन्मुख अवस्थामा भए तापनि भेषभूषा भने मौलिक प्रकृतिको रहेको देखिन्छ । पुरुषका लागि भोटो, कछाड, आस्कोट, धरो, सिङ्गापुरे बेल्ट, पेटी, भाङ्ग्रा, टोपी, कालो जुत्ता, मखमली गलबन्दी र महिलाका लागि पछ्यौरी, कपालमा डोरी, मखमली चोली, छिट्को गुन्यू, मखमलको घलेक, टिकिया, निलो पटुकी, हरियो चुरा र गहनामा शीरबन्दी, शीरमा सुनको चन्द्रमा, सुनको फूल, मुगाको माला, हातमा चुरा, कानमा माडवारी, विवाहित महिलाले सिन्दुर, पोते तथा चुरा र विधवा महिलाको हकमा सेतो, कालो तथा निलो कपडालगायतका भेषभूषाहरू रहेका छन् । यसैगरी पर्म, मितेरी साइनो सम्बन्ध र रोधी पनि सिरुबारीका महत्त्वपूर्ण पक्षहरू हुन् । यस प्रकारका संस्कृतिहरूको अध्ययन केन्द्र बन्दै गरेको सिरुबारी अर्थोपार्जनको मूल आधार हो भन्दा फरक पर्दैन ।

### परम्परित पेसा व्यवसायको रुपान्तरण

सिरुबारीका मानिसहरूको परम्परित पेसाव्यवसाय भनेको कृषि व्यवसाय र लाहुरे संस्कृति नै हो । यो पेसा पछिल्ला दिनहरूमा व्यावसायिक बन्दै गएको छ । जब सिरुबारी गाउँ घरबास व्यवसायका लागि नमूना बन्दै गयो तब यहाँको परम्परित पेसा व्यवसायले व्यावसायिक रूप लिन पुगेको देखिन्छ । उत्पादनहरू अर्गानिक बन्दै गएका छन् । मकै, गहुँ, फापर, आलु, लसुन, प्याज, भाँगो, जौ, कोदो र घरेलु मदिरा आदिको स्वाद लिन र नमूना गाउँको भ्रमण गर्नका लागि बाह्रै महिना पर्यटकहरू आउने गरेको स्थलगत अध्ययनका क्रममा घरबास व्यवसाय सञ्चालकहरूले बताएका छन् । दैनिक रूपमा बढीमा १८० जनासम्म र कम्तीमा २०/२५ जनासम्म स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गरेको बताइएको छ । यसैगरी बास नबस्ने गरी समेत ३० देखि ३५ जनासम्म पाहुनाहरू आउने गरेको देखिन्छ । यसरी परम्परित पेसा व्यवसाय रुपान्तरित हुँदा प्रत्येक घरवास सञ्चालकहरूले मासिक रूपमा ८०,००० देखि १५०,००० सम्म आयआर्जन गर्ने गरेको अध्ययनका क्रममा घरबास सञ्चालकहरूले बताएका छन् (सिरुबारी पर्यटन विकास समितिका सचिव सुनिता गुरुङसँग लिएको अन्तरवार्ता, २०८० वैशाख ९) । अतः परम्परित पेसाव्यवसायको रुपान्तरण पनि सिरुबारी गाउँको अर्थोपार्जनको आधार हो ।

## होमस्टे व्यवसायमा युवा सहभागिता

युवावर्ग भनेको विकासका मूल आधारस्तम्भ हुन् । समाज परिचालनदेखि अर्थोपार्जनसम्ममा युवा वर्गको भूमिका अतुलनीय नै रहन्छ । नेपालको जनगणना २०७८ अनुसार नेपालमा १५ वर्षदेखि २५ वर्षसम्मको युवावर्ग कुल जनसंख्याको करिब २० प्रतिशत रहेको देखिन्छ । नेपालमा आर्थिक कार्य गरेका १० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरू कुल १ करोड ४९ लाख ८३ हजार ३ सय १० जना रहेको तथ्याङ्कले देखाएको छ । यसमध्ये सबैभन्दा बढी आफ्नै काम गर्ने ५५.३ प्रतिशत, अरूको काम गर्ने २८.६ प्रतिशत, परिवारमा सघाउने मात्र १४.५ प्रतिशत, रोजगारदाता १.४ प्रतिशत र कही कतै उल्लेख नभएको ०.१ प्रतिशत रहेको देखिन्छ (रा. त. का., २०७८) । अरूको काम गर्ने र रोजगारदातामा पुरुष बढी भए तापनि आफ्नै काम गर्ने र परिवारलाई सघाउने कार्यमा महिलाको प्रतिशत बढी भएको तथ्याङ्कले देखाएको छ ।

नयाँ संरचनाअनुसार स्याङ्जा जिल्लामा पाँचवटा नगरपालिका र छवटा गाउँपालिका गरी कुल ११ वटा स्थानीय तहहरू रहेका छन् । यसमध्ये आँधिखोला गाउँपालिका वडा नं १ अन्तर्गत सिरुबारी गाउँ पर्दछ । यस गाउँले दक्षिण एसियाको प्रथम होमस्टे भएको नमूना गाउँको पहिचान बनाउन सफल

भएको छ । यस गाउँमा कुल ४४ वटा घरधुरीहरू रहेका छन् । यसमध्ये २१ वटा घरधुरीले मात्र हाल होमस्टे सञ्चालन गरेका छन् । यस गाउँको कुल जनसंख्या २२३ जना रहेको छ । यसमध्ये सबै उमेर समूहका महिला ११३ र पुरुष ६५ जना तथा बाबु आमाहरू ४५ जना रहेको देखिन्छ (स्थलगत अध्ययन, २०८० वैशाख ८–१० र पर्यटन विकास समितिका अध्यक्ष जितेन्द्र गुरुङबाट प्राप्त जानकारी, २०८० असार ६) ।

जुनसुकै व्यवसायको सञ्चालन र प्रवर्द्धनमा युवावर्गको भूमिका महत्त्वपूर्ण रहन्छ । व्यवसायको सफलता असफलता भन्ने कुरा युवावर्गको हातमा अडिएको हुन्छ । जब युवावर्ग जाग्छ व्यवसाय फस्टाउन पुग्दछ । यदि युवावर्ग निश्कृय र विदेश पलायन भए भने विकास एवम् व्यवसायको मूलद्वार अवरुद्ध हुन जान्छ । सिरुबारी नमूना गाउँमा सुरुको अवस्थामा युवावर्ग अध्ययनका सिलसिलामा पोखरा, काठमाडौँलगायतका स्थानमा जाने गरेको र पछि हङकङ, युके, अष्ट्रेलियालगायतका देशहरूमा रोजगारीका लागि जाने क्रम बढेको देखिन्छ । कतिपय व्यक्तिहरूका बाबुआमाहरूको युकेको आइडी भएकाले उर्जाशील युवाहरू उतै बसोबास गर्ने गरेको समेत अध्ययनका क्रममा जानकारी प्राप्त हुन आएको छ ।

सिरुबारीको पर्यटन व्यवसायलाई सबल बनाउने सन्दर्भमा यहाँको पर्यटन विकास समिति, आमासमूह, नवयुवा क्लब, स्थानीय चन्दादातालगायत सबैको उल्लेखनीय योगदान रहेको छ । यसका साथै नेपाल सरकार, पर्यटन बोर्ड, गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सबैले यस व्यवसायलाई प्रर्वद्धन गर्न विशेष प्राथमिकतामा राख्दै आएको देखिन्छ । तर यहाँका युवावर्गलाई भने यस व्यवसायमा आकर्षित गर्न नसकिएको तथ्यलाई अध्ययनका क्रममा घरबास सञ्चालकहरूले बताएका छन् । यहाँका कुल घरधुरीमध्ये करिब ४८ प्रतिशत घरपरिवारले मात्रै घरबास सञ्चालन गरेको पाइएको छ । यसैगरी यहाँको कुल जनसंख्यामध्ये ३६.३२ प्रतिशत जनसंख्या मात्रै यस व्यवसायमा आबद्ध भएको देखिन्छ । युवावर्गको यस व्यवसायप्रति संलग्नता हेर्दा सन्तोषजनक अवस्था देखिँदैन । व्यवसायमा संलग्न भएका मध्येमा पनि ४४.४४ प्रतिशत युवा मात्रै हाल यस पेसामा क्रियाशील देखिएका छन् भने बाँकी ५५.५६ प्रतिशत बाबुआमाहरू नै यस व्यवसायमा समर्पित भएका छन् (स्थलगत अध्ययन, २०८० वैशाख ८–१० र पर्यटन विकास समितिका अध्यक्ष जितेन्द्र गुरुङबाट प्राप्त जानकारी, २०८० असार ६) । यस व्यवसायमा संलग्न भएका युवावर्गमध्येमा पनि युवतीको संख्या बढी देखिन्छ । यसरी घरबास व्यवसाय सञ्चालनमा बाबुआमा र युवतीहरूको संख्या बढी देखिएको तथ्यले नमूना गाउँको पहिचानलाई दीगो रूप कायम राख्न चुनौती खडा भएको देखिएको छ ।

## अर्थोपार्जनका आधारहरू र सामाजिक-आर्थिक प्रभाव

प्रकृति, गुरुङ संस्कृति, अर्गानिक उत्पादन, समूह परिचालन एवम् पाहुना व्यवस्थापनको मौलिक विधि र पाहुनाको लागि सेवा, सत्कार तथा सुविधा नै सिरुबारीको अर्थोपार्जनको बलियो आधार भएको देखिन्छ । यसले सिरुबारीको सामाजिक-आर्थिक अवस्थामा सकरात्मक प्रभाव पारेको पाइएको छ । होमस्टे व्यवसायीमध्ये त्यसको ३३ प्रतिशत होमस्टे व्यवसायीहलाई जीवनस्तरमा भएको सुधार, स्थानीयहरूको जीवनशैलीमा आएको परिवर्तन, आम्दानीमा भएको परिवर्तन, व्यवसायबाट प्राप्त भएको सन्तुष्टि, सामाजिक चेतनामा आएको परिवर्तन, शिक्षा तथा स्वास्थ्यको अवस्था, स्वरोजगारीको सिर्जना, सांस्कृतिक संरक्षण र व्यवसायमा युवावर्गको संलग्नताको अवस्था के कस्तो रहेको छ भन्ने सोधिएको थियो । यसरी हेर्दा होमस्टे व्यवसायमा युवाको संलग्नताबाहेक अन्य सूचकहरूमा उत्तरदाताहरूको सकरात्मक जवाफ ७५ देखि ८० प्रतिशतको बीचमा रहेको पाइन्छ । यसलाई आधार मान्दा र सिरुबारीको प्रत्यक्ष अवलोकन गर्दा यहाँको सामाजिक-आर्थिक अवस्थामा होमस्टे व्यवसायले सकरात्मक प्रभाव पारेको देखिन्छ । यसले सिरुबारीको अर्थोपार्जनको बलियो आधार होमस्टे व्यवसाय नै भएको पनि पुष्टि गर्दछ ।

## सिरुबारीका अवसरहरू

सिरुबारीमा अर्थोपार्जनका आधारहरू प्रशस्तै देखिन्छन् । होमस्टे सञ्चालनदेखि अर्गानिक उत्पादन र सांस्कृतिक संरक्षणसम्मका पक्षहरू नै सिरुबारीका अर्थोपार्जनका क्षेत्रहरू हुन् । यस क्षेत्रका मूलभूत अवसरहरूलाई निम्नानुसार उल्लेख गरिएको छ (स्थलगत अवलोकन, ९-१० बैशाख २०८०) :

- युवापुस्तालाई समेत आकषर्ण गरी विद्यमान पर्यटन व्यवसायको निरन्तरता;
- रैथाने बालीको संरक्षण र प्रबर्द्धन;
- रैथाने पशुपंक्षीको संरक्षण र विकास;
- मौलिक भाषा र लोकसाहित्य (घाटु, सोरठी, झाम्रे) को संरक्षण र पुनरुत्थान;
- पर्यावरणको संरक्षण;
- परम्परित ज्ञानको संरक्षण र विकास;
- परम्परित सीपको विकास र निरन्तरता;
- लोकबाजा, भजन, घाटु र सोरठीको संरक्षण, सम्बर्द्धन र विकास;
- अर्थोपार्जनका नयाँनयाँ अवसरहरूको खोजी;
- घरेलु उद्योगको विकास;
- सांस्कृतिक एकता र समन्वय;
- धर्मिक सहिष्णुता;
- मौलिकतामा आधारित पर्यटकीय पूर्वाधार निर्माण;
- स्थानीय रूपमा स्वरोजगारीको सिर्जना;
- नयाँ पुस्तालाई विद्यमान संस्कृति, सभ्यता र संस्कारको हस्तान्तरण;
- विश्व समुदायसँग प्रत्यक्ष सम्पर्क आदि ।

## होमस्टे व्यवसायका मूलभूत चुनौतीहरू

नमूना गाँउ सिरुबारीका उल्लेखित अवसरहरूका अतिरिक्त थुप्रै चुनौतीहरू पनि देखिएका छन् । सिरुबारीले होमस्टे व्यवसायको पाठशालाको उपमा पाए तापनि यसलाई थप व्यवस्थित बनाउने कार्य आफैमा चुनौतीपूर्ण छ । समयको परिवर्तनसँगै पर्यटनका मूलतः तीनवटा पक्षहरू जस्तैः पर्यटक, सेवा र उद्देश्यका बीचमा तालमेल मिलाउने कार्य कठिन छ । पर्यटकले जुन सोच लिएर आएको हुन्छ, सोअनुसारको सेवा पुऱ्याउन सकियो भने मात्र यस क्षेत्रप्रति थप आकषर्ण बढ्न सक्छ । आरामदायी बसाइ, अर्गानिक खाना, विज्ञानले उपलब्ध गराएका भौतिक सुविधाहरू, सत्कार, सम्मानलगायतका पक्षहरूलाई समयानुकूल गराउँदै लैजानुपर्ने कार्य चुनौतीपूर्ण नै छ । समग्रमा, सिरुबारी पर्यटन विकास समितिका अध्यक्ष, सचिव र होमस्टे सञ्चालकहरू समेतको समूह छलफल, अन्तरवार्ता र प्रत्यक्ष स्थलगत अवलोकन (८-१० बैशाख २०८०) बाट पहिचान गरिएका मूलभूत चुनौतीहरूलाई तल उल्लेख गरिएको छ :

- गुरुङ जातिको मौलिक संस्कृतिलाई पुस्तान्तरण गर्न;
- व्यवस्थित भौतिक पूर्वाधार निर्माण गर्न;
- विद्यमान होमस्टे व्यवसायमा युवावर्गलाई आकर्षण गर्न;
- अर्गानिक/मौलिक/रैथाने/प्राङ्गारिक उत्पादनमा आकर्षित गर्न गराउन;
- व्यावसायिक ज्ञान, सिप र क्षमतामा थप अभिवृद्धि गर्न;
- युवा वर्गलाई विदेश पलायनबाट रोक्ने गरी सोहीअनुसारका पूर्वाधारहरु निर्माण गर्न;
- सिरुबारीमा आउने स्वदेशी एवम् विदेशी पाहुनाहरुका लागि सुरक्षाको अनुभूति दिलाउन;
- शहर केन्द्रित बसाइसराइलाई रोक्न र सुख्खा खाना (Dehydrated food) लाई निरुत्साहित गर्न;
- पाहुनाहरुलाई खुवाउने खानाका परिकारहरुमा एकरुपता ल्याउन;
- विदेशी पाहुनाहरूलाई स्थानीय गाइड आवश्यक पर्ने हुँदा उनीहरूमा सोहीअनुसारको क्षमता अभिवृद्धि गर्न गराउन;
- नमुना गाउँमा सडक, सञ्चार, खानेपानी, आधुनिक चिकित्सा पद्धति र प्रविधिमा गुणस्तरीय सेवाप्रवाह गर्न गराउन;
- होमस्टे व्यवसायलाई निरन्तरता दिन;
- गुरुङ जातिको संस्कृति र परम्परासम्बन्धी ज्ञान तथा अनुभवलाई पहिलो पुस्ता र तेस्रो पुस्ताका बीचमा आदान प्रदान गर्न गराउन;
- होमस्टे व्यवसायबाट हुन आउने आम्दानी र खर्चको सामूहिक अभिलेखीकरण गर्न गराउन आदि ।

## निष्कर्ष

यस आलेखले स्याङ्जा जिल्लाको पर्यटकीय गाउँ सिरुबारीको अर्थोपार्जनका मूल आधारहरू र होमस्टे व्यवसायमा युवावर्गको संलग्नताको अवस्था, सम्भावना र चुनौतीहरूलाई उजागर गरेको छ । स्थानीय संस्कृति झल्किने गरी पर्यटकलाई गरिने सेवा, सत्कार र स्वागत, मौलिक प्रकृतिको होमस्टे व्यवसाय, घरको बनावट, सरसफाई, समूह परिचालनको मौलिक विधि, सामूहिक सेवाभाव, सबै एक र एक सबैको भावना, आर्थिक पारदर्शिता, उचित श्रमविभाजन, पाहुनाहरूलाई एकै प्रकृतिको सेवासुविधा, आआफ्नो क्षमताअनुसार पाहुना विभाजन, एकै प्रकृतिको खानाका परिकारहरू, आयको संस्थागत अभिलेखीकरण र सार्वजनिकीकरण, अतिरिक्त आयको सामूहीकरण, स्थानीय प्राङ्गारिक खाद्यवस्तुको उत्पादन, स्थानीय वर्गको आत्मसन्तुष्टि र फरक पहिचान, गुरुङ संस्कृति, परम्परित पेसाव्यवसाय र सामाजिक सेवा नै यहाँको अर्थोपार्जनका मूल आधारहरू भएको अध्ययनले देखाएको छ । यसले यहाँका स्थानीयहरूको सामाजिक-आर्थिक अवस्थामा सकरात्मक प्रभाव पारेको देखिएको छ ।

गाउँका कुल घरधुरीमध्ये करिब ४८ प्रतिशत घरपरिवार, कुल जनसंख्यामध्ये ३६.३२ प्रतिशत जनसंख्या र व्यवसायमा संलग्न भएका मध्येमा पनि ४४.४४ प्रतिशत युवा मात्रै यस व्यवसायमा आबद्ध देखिएका छन् । यस व्यवसायमा संलग्न भएका युवावर्गमध्येमा पनि युवतीको संख्या बढी रहेको छ । घरबास व्यवसाय सञ्चालनमा बाबाआमा र युवतीहरूको संख्या बढी हुनुले नमुना गाउँको पहिचानलाई दीगोसम्म कायम राख्न चुनौती देखिएको छ । त्यसैले सीपमूलक एवम् गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सुविधा, प्रविधिमैत्री गाउँ, मौलिक प्रकृतिका पर्यटकीय पूर्वाधारहरूको निर्माण, अर्गानिक उत्पादन, सांस्कृतिक संरक्षण, व्यवसायीलाई सम्मान र पुरस्कारको व्यवस्था, विदेश गएर आएका युवावर्गलाई गाउँमै बस्न उत्साहपूर्ण वातावरण निर्माण गर्न सकेमा सिरुबारीको अर्थोपार्जनको आधार बलियो बन्ने र युवावर्गलाई घरबास व्यवसायप्रति आकर्षित गर्न सकिने देखिन्छ ।

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

## सन्दर्भसामग्री सूची

अर्याल, केशवराज अनु. (२०२४), *कौटिल्यको अर्थशास्त्र (नेपाली भाषानुवाद, संस्कृत-मूलसहित),* सम्पा. पंडितराज सोमनाथ शर्मा, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, संस्कृत विभाग ।

खत्री, मनबहादुर (२०७६), होमस्टे पर्यटनमा लैङ्गिक सहभागिता : सिरुबारी स्याङ्जाको एक अध्ययन, *नेपालको प्रथम ग्रामीण पर्यटकीय गाउँ स्याङ्जा सिरुबारीको जनजीवन : एक अध्ययन* (पृ. २८-५८), त्रिभुवन विश्वविद्यालय धवलागिरि बहुमुखी क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग, बागलुङ ।

गण्डकी प्रदेश (२०१९), *होमस्टे,* उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, नेपाल ।

गण्डकी प्रदेश (२०१९), *कार्य योजना, गण्डकी प्रदेश, : आन्तरिक पर्यटन वर्ष २०१९,* उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल ।

धबक्या, सशामाशावि (२०७६), *नेपालको प्रथम ग्रामीण पर्यटकीय गाउँ स्याङ्जा सिरुबारीको जनजीवन : एक अध्ययन,* त्रिभुवन विश्वविद्यालय धवलागिरि बहुमुखी क्याम्पस (धबक्या), समाजशास्त्र/मानवशास्त्र विभाग (सशामाशावि), बागलुङ ।

रा.त.का. (२०७८), *राष्ट्रिय जनगणना २०७८,* नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौं ।

ढकाल, दिलिप (२०७९), *ग्रामीण पर्यटनका २५ वर्ष : सिरुबारीमा होमस्टे रजत महोत्सव*, nagriknews.nagrik network.com (15 September 2023) ।

मार्शल, अल्फ्रेड (सन् १८९०), *अर्थशास्त्रको सिद्धान्त,* म्याक्मिलन एन्ड को-लन्डन ।

सिलवाल, सुदर्शन (२०७४), बागलुङ विकासको सम्भावित मोडल, जिके फाउन्डेसन, नेपाल ।

सिलवाल, सुदर्शन, चक्रपाणि पौडेल र भक्तिराम, न्यौपाने (२०७०), *शाखा अधिकृत परीक्षा सारथि अर्थशास्त्र,* चौथो पत्र, गुडविल प्रकाशक तथा वितरक ।

Bhandari, B.B. (2008). Wetland and tourism. In R. P. Upadhyay (Eds.) *Reading in Rural Tourism (*PP.1-10). Sunlight Publication.

Dangol, D.R. (2008). Agroecotourism in Nepal. In R. P. Upadhyay (Eds.) *Reading in Rural Tourism (*PP.91-102). Sunlight Publication.

Pandey, R. J. (2008). Rural tourism development phenomenon and marketing concepts. In R. P.

Upadhyay (Eds.) *Reading in Rural Tourism (*PP.163-196). Sunlight Publication.

Pradhan, B.K.& Grandon, R. (2008). Ecotourism concept. In R. P. Upadhyay (Eds.) *Reading in Rural Tourism (*PP.65-90). Sunlight Publication.

Shakya, K. (2008). Tourism yesterday, today and tomorrow. In R. P. Upadhyay (Eds.) *Reading in Rural Tourism (*pp.31-42). Sunlight Publication.

अनुसन्धान तथा स्थलतग अवलोकन भ्रमण कार्यक्रम, ८–१० वैशाख २०८० ।

जितेन्द्र गुरुङ (वर्ष ५०), सिरुवारी स्याङ्जा, संवाद, ८–१० वैशाख २०८० ।

जितेन्द्र गुरुङ (वर्ष ५०), सिरुवारी स्याङ्जा, टेलिफोन वार्ता, ५ असार २०८० ।

सुनिता गुरुङ (वर्ष ३५), सिरुवारी स्याङ्जा, टेलिफोन वार्ता, ९ वैशाख २०८० ।

सिरुबारी स्याङ्जाको पर्यटन विकास समितिको आन्तरिक अभिलेख, २०८० वैशाख ९ ।

**Author's Bionotes**

Sudarshan Silwal is an Associate Professor of Economics, at Tribhuvan University, Nepal. He has got PhD in Localfinance. His focal area of study is municipal finance and development studies.